# जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावनाः** बाली संरक्षणका प्रभावकारी र वातावरण मैत्री प्रविधिहरुको विकास र अवलम्वनमा निजी तथा सहकारी क्षेत्रलाई प्रेरित गरेर सुरक्षित विषादीको उत्पादन तथा उपयोगमा वृद्धि गरी दिगो र सुरक्षित कृषि विकासलाई टेवा पुऱ्याउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको स्वीकृत वार्षिक कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपले सञ्चालन गर्न, प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

(क) "अनुदानग्राही" भन्नाले जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नको लागि छनौट भएका प्रस्तावकलाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवद्धन कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका कार्यालयहरुलाई सम्झनु पर्छ।

(घ) **"जैविक तथा वानस्पतिक विषादी"** भन्नाले शत्रुजीव आकर्षण गर्न, भगाउन तथा मार्न कृषि, रेशम, मौरी, च्याउ, काष्ठ पैदावार, घरायसी प्रयोजनका लागि प्रयोग गरिने वानस्पतिक तथा जैविक

स्रोतबाट उत्पादित ठोस, ग्यास वा तरल पदार्थलाई सम्झनु पर्छ।

(ङ) **"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(च) **"प्रस्तावक"** भन्नाले जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रमको प्रस्ताव माग गर्ने उद्यमी, कृषि समूह, कृषि सहकारी, कृषि संस्थालाई सम्झनु पर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) **"समिति"** भन्नाले दफा ५ बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेकोछ :-

(क) जैविक तथा वानस्पतिक विषादीको उपलव्धता वृद्धि गर्नु,

(ख) जैविक तथा वानस्पतिक विषादीको उत्पादन र प्रयोगलाई प्रोत्साहित गर्नु, र

(ग) रासायनिक विषादीको विकल्पमा सुरक्षित विषादीको प्रर्वद्धन गरी वातावरण संरक्षण गर्नु।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम सञ्चालन गर्ने निकायः** (१) कार्यक्रम सञ्चालन गर्ने मुख्य जिम्मेवारी कृषि विकास निर्देशनालय/कार्यालयको हुनेछ। निर्देशनालयले आवश्यकता अनुसार अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ।

(२) निर्देशनालय/कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ।

(३) सम्बन्धीत प्रस्तावकले अनुसुची-४ (उत्पादनको हकमा) र अनुसुची-६ (उपयोगको हकमा) बमोजिमको ढाँचामा निवेदन सहितको प्रस्ताव तयार गरी सूचनामा तोकिएको निकायमा पेश गर्नु पर्नेछ।

(४) प्रस्ताव तयार गर्दा भौतिक पूर्वाधार निर्माणको डिजाईन, लागत ईष्टिमेट, औजार उपकरणहरुको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, लगानीको स्रोत, अनुदान माग गरेको रकम र प्रस्तावकले व्यहोर्ने रकम र सोको स्रोत समेत खुलाई विस्तृत रुपमा तयार गर्नु पर्नेछ।

(५) सूचनामा तोकिएका निकायले म्याद भित्र दर्ता भएका निवेदन तथा प्रस्तावहरु म्याद समाप्त भएको ७ दिन भित्र निर्देशनालय/कार्यालयमा प्राप्त हुने गरी पठाई सक्नु पर्नेछ।

५. **समिति सम्बन्धी व्यवस्थाः** (१) निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समितिको गठन रहनेछः-

(क) प्रमुख, निर्देशनालय - अध्यक्ष
(ख) सम्बन्धीत विषयको महाशाखा प्रमुख वा अधिकृतस्तरको प्रतिनिधि, मन्त्रालय - सदस्य
(ग) योजना कार्यक्रम तथा अनुगमन शाखा प्रमुख, निर्देशनालय -सदस्य
(घ) लेखा शाखा प्रमुख, निर्देशनालय - सदस्य
(ङ) निर्देशनालयको पोष्ट हार्भेष्ट व्यवस्थापन शाखा प्रमुख वा जिम्मेवार अधिकृत, निर्देशनालय - सदस्य सचिव

(२) कृषि ज्ञान केन्द्रबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

(क) प्रमुख वा निजले तोकेको अधिकृत, ज्ञान केन्द्र -अध्यक्ष
(ख) ज्ञान केन्द्र रहेको पालिकाको कृषि शाखा प्रमुख, -सदस्य
(ग) योजना अधिकृत/योजना शाखा प्रमुख, ज्ञान केन्द्र -सदस्य
(घ) लेखा प्रमुख, ज्ञान केन्द्र -सदस्य
(ङ) कार्यक्रम सञ्चालन गर्ने शाखा प्रमुख, ज्ञान केन्द्र - सदस्य सचिव

(३) उपदफा (१) र (२) बमोजिमको समितिले आवश्यकता अनुसार बढीमा ३ जनासम्म आमन्त्रित सदस्य बोलाउन सक्नेछ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा तयार गर्ने र सूचना प्रकाशन गर्न निर्णय गर्ने,

(ख) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन गर्न र कार्यक्रम तथा अनुदान वितरणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कार्य गर्नुका साथै आवश्यकता अनुसार अन्य उपसमिति गठन गर्न सक्ने,

(ग) दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक छनौट गर्ने/गराउने,

(घ) प्रारम्भिक छनौट भएका प्रस्तावको स्थलगत निरीक्षण गर्ने/गराउने,

(ङ) स्थलगत निरीक्षण टोलीको प्रतिवेदन/सिफारिसमा उल्लेख भएअनुसार प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने वा अस्वीकृत गर्ने निर्णय गर्ने,

(च) प्रस्तावको अन्तिम मूल्याङ्कन अनुसुची-५ (उत्पादनको हकमा) तथा अनुसुची-७ (उपयोगको हकमा ) बमोजिम गर्ने/गराउने,

(छ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधिभित्र रही सम्झौताको लागि अनुदानग्राही छनौटको लागि सिफारिस गर्ने,

(ज) प्रस्तावकले प्रस्ताव गरेको कार्ययोजनालाई आवश्यकता भए परिमार्जन सहित अन्तिम रुप दिने,

(झ) कार्यक्रमको आवश्यकता अनुसार सुपरिवेक्षण र अनुगमनमा सहयोग गर्न सक्ने।

७. **प्रस्ताव छनौट तथा सम्झौता** : (१) निर्देशनालय/कार्यालयले ३० दिने सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्नेछ।

(२) जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रममा उत्पादनतर्फ अनुसुची-२ बमोजिम इजाजतपत्र प्राप्त प्रस्तावकहरुले मात्र आवेदन दिन सक्नेछन्।

(३) प्रस्तावहरुमध्ये प्राथमिकताक्रमका आधारमा छनौट भएका र वैकल्पिक प्रस्तावहरु समेत छनौट गरी स्वीकृत भएको प्रस्तावलाई समयावधि तोकी सम्झौताको लागि सूचित गरिनेछ।

(४) छनौट भएका प्रस्तावकसँग स्वीकृत कार्ययोजना सहित अनुसूची-९ को ढाँचामा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

(५) छनौट भएका प्रस्तावले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रम अनुसार वैकल्पिक प्रस्तावलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद-३

## अनुदान प्रवाह विधि

८. **अनुदानको सीमा:** (१) प्रस्तावित सामग्रीको लागि स्वीकृत बजेटको परिधिभित्र रही समितिको सिफारिसको आधारमा कूल लागतको बढीमा ५० प्रतिशतसम्म रकम अनुदान उपलब्ध गराईनेछ।

(२) कार्यक्रममा देहाय बमोजिमका तालिकाको आधारमा अनुदान रकम उपलब्ध गराईनेछ-ः

**तालिका नं १ः जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रमका क्रियाकलापहरुः**

| क्र.सं. | क्रियाकलापहरुको विवरण | जिम्मेवार संस्था | अनुदान रकम | अनुदानका क्रियाकलापहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | उत्पादनमा अनुदान | अनुदानग्राही (उत्पादक) | बढीमा १० लाखसम्म वा ५० प्रतिशत जुन कम हुन्छ | पूर्वाधार निर्माण र औजार उपकरण तथा सामग्रीहरु | औजार उपकरण तथा सामग्रीहरु खरिदमा न्युनतम ५० |

| क्र.सं. | क्रियाकलापहरुको विवरण | जिम्मेवार संस्था | अनुदान रकम | अनुदानका क्रियाकलापहरु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | खरिद | प्रतिशत खर्च गर्नुपर्ने |
| २ | उपयोगमा अनुदान | अनुदानग्राही (उपयोगकर्ता) कृषक वा सहकारी | प्रति अनुदानग्राही बढीमा १०००० वा ५० प्रतिशत जुन कम हुन्छ (समूह/सहकारीको हकमा कूल अनुदान रकमको ५ लाख नबढ्ने गरी) | जैविक तथा वानस्पतिक विषादीहरु तथा विषादी छर्ने उपकरणहरु | |

(३) निर्देशनालय/कार्यालयले प्रचलित कानूनको परिधिभित्र रही जनचेतनामुलक प्रवर्द्धनात्मक कार्यक्रमहरुमा बढीमा ५ लाखसम्म खर्च गर्न सक्नेछ ।

९. **<u>प्रस्तावकले लगानी गर्ने रकम</u>** : प्रस्तावकले आफूले लगानी गर्न कबोल गरेको रकम तथा अन्य पूर्वाधारको व्यवस्था गरी वा वित्तीय संस्थाबाट लगानी हुने अवस्थामा वित्तीय संस्थाको प्रतिवद्धता पत्र वा अन्य भरपर्दो विवरण प्राप्त भएपछि मात्र स्वीकृत प्रस्तावलाई कार्यक्रम अघि बढाउन कार्यादेश दिईने छ।

१०. **<u>खरिद तथा भुक्तानी सम्बन्धी ब्यवस्थाः</u>** रकमको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) अनुदानग्राहीले प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अपनाउनु पर्नेछ।

(ख) अनुदानग्राहीहरुले अनुगमनकर्ताले कार्यसम्पन्न प्रतिवेदन र बिल भरपाई सहित भूक्तानीका लागि माग भई आएपछि सम्झौतामा उल्लेखित आधारमा भुक्तानी गरिनेछ।

११. **<u>भुक्तानीको लागि पेश गर्नु पर्ने कागजातः</u>** (१) काम सम्पन्न गरी भुक्तानीको लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नु पर्नेछ :-

(क) सम्झौता-पत्रको प्रतिलिपि वा कार्यादेशको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) निर्माण कार्यका लागि प्राविधिकले तयार गरेको बिल,

(घ) विल विजकहरुको सक्कल प्रति,

(ङ) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,

(च) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन,

(छ) स्थानीय तह तथा कृषि ज्ञान केन्द्रको सिफारिस,

(ज) आवश्यक निर्णयहरुको प्रतिलिपि आदि।

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा अनुगमन टोलीको सिफारिस पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

१२. <u>रकम उपलब्ध गरिने आधारहरु</u> : अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(ख) कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्ष भित्र सोही विषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन।

(च) कार्यक्रम सञ्चालनको लागि खर्च भएको विवरण दुरुस्त राख्नु पर्नेछ।

(छ) कार्यसम्पन्न भएपश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक बिल भरपाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्नेछ।

(ज) भुक्तानीका लागि पेश भएका निवेदनहरुको स्थलगत अनुगमन गरी खर्च भएका प्रतिवेदनका आधारमा नियमानुसार कर तथा कन्टिन्जेन्सी रकम कट्टा गरी एसिपेयी चेक मार्फत भुक्तानी दिईनेछ।

## परिच्छेद-४

## उत्पादन अनुदान व्यवस्था

१३. उत्पादन अनुदान सम्बन्धी व्यवस्थाः (१) जैविक तथा वानस्पतिक विषादी उत्पादक कम्पनी तथा संस्थाले नियमानुसारको अनुदानको माग गर्दा जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र वातावरण संरक्षण ऐन, २०७६ले तोकेको व्यवस्था अनुसारका प्रक्रिया पूरा गरी उत्पादन अनुमति पत्र प्राप्त गरेको हुनु पर्नेछ।

(२) अनुदानको लागि प्रस्तावहरुको छनौट तथा अनुदान उपलव्ध गराउने प्रक्रिया यस कार्यविधिमा तोकिए वमोजिम हुनेछ।

(३) एक भन्दा बढी संस्थाहरु मिलेर स्थापना वा सञ्चालन गर्ने भएमा सम्बन्धीत संस्थाको सञ्चालक समितिको निर्णय र उनीहरु बीचको करारनामा पेश भएको हुनु पर्नेछ।

(४) एक संस्था वा फर्मले एकभन्दा बढी प्रस्ताव पेश गर्न पाइने छैन।

**(५)** नेपालमा उत्पादित जैविक तथा वानस्पतिक विषादीमा मात्र अनुदान दिइनेछ।

१४. जैविक तथा वानस्पतिक विषादी उत्पादनकर्ताको दायित्व र कर्तव्यः जैविक तथा वानस्पतिक विषादी उत्पादनकर्ताको दायित्व र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) जैविक तथा वानस्पतिक विषादी उत्पादनको लागि आवश्यक कच्चा पदार्थको व्यवस्था वातावरणीय दुष्प्रभाव नहुने प्रकारले गर्नु पर्नेछ।

(ख) उत्पादित जैविक तथा वानस्पतिक विषादीको प्रयोगले लक्षित नगरिएको जीवमा नोक्सानी नपुऱ्याउने हुनु पर्छ।

(ग) उत्पादकले अनुसुची-२ बमोजिम इजाजत-पत्र लिएको र अनुसूची-७ बमोजिमको ढाँचामा प्रतिवद्धता पत्र पेश गर्नु पर्नेछ।

(घ) उत्पादित जैविक तथा वानस्पतिक विषादीको प्रयोगले अन्य जलचर, स्थलचर तथा वातावरणीय प्रदुषण नपुऱ्याउने हुनु पर्छ।

(ङ) उत्पादकले जैविक तथा वानस्पतिक विषादी उत्पादन गर्दा तोकिए अनुसारको गुणस्तर कायम गरी उत्पादन गर्नु पर्नेछ।

(च) उत्पादित जैविक तथा वानस्पतिक विषादीहरु नियमानुसार पञ्जिकृत गरिएको हुनु पर्नेछ।

## परिच्छेद ५

## उपयोग (प्रयोगकर्ता) मा अनुदान व्यवस्था

१५. उपयोगमा अनुदान सम्बन्धी व्यवस्थाः उपयोगमा (प्रयोगकर्ता) अनुदान व्यवस्था देहाय बमोजिमको हुनेछ।

(क) नेपालमा उत्पादित जैविक तथा वानस्पतिक विषादीमा मात्र अनुदान दिइनेछ र विषादी बिक्रेताले अनुसुची-१ बमोजिमको विषादी खुद्रा बिक्रेता इजाजतपत्र लिएको र अनुसूची-७ बमोजिमको ढाँचामा प्रतिवद्धता पत्र पेश गर्नु पर्नेछ।

(ख) उपयोगकर्ताले जैविक तथा वानस्पतिक विषादीको अनुदान माग गर्दा तोकिए अनुसारको गुणस्तर कायम गरिएको जैविक तथा वानस्पतिक विषादीमा गर्नु पर्नेछ।

(ग) अनुदानग्राहीले निर्देशनालय/कार्यालयबाट कार्यादेश प्राप्त भएपछि मात्र विषादीको खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

## परिच्छेद-६

## अनुगमन र समन्वय

१६. **अनुगमनः** (१) अनुदान प्राप्त संस्थाले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, प्रदेश सरकारका सरोकारवाला कार्यालयले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

१७. **समन्वयः** निर्देशनालय/कार्यालयले कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धीत स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-७

## विविध

१८. **सार्वजनिक परीक्षण** : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१९. **कारवाहीको व्यवस्थाः** कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन एवम् प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ।

२०. **प्रचलित कानून लागू हुनेः** यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधि बमोजिम व्यवस्था भएकोमा सोही बमोजिम तथा यस कार्यविधिमा व्यवस्था नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ। यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

२१. **कार्यविधिको संशोधन तथा परिमार्जनः** (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिको अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ।

अनुसूची-१

(दफा १५ को खण्ड (क) सँग सम्बन्धीत)

| फोटो |
| --- |
| |

नेपाल सरकार

Government of Nepal

कृषि विकास मन्त्रालय

Ministry of Agricultural development

*विषादी समिति*

**Pesticide Board**

(Constituted Under Section 10 (1) of the Pesticide Act-2076)

***विषादी खुद्रा बिक्रेता इजाजतपत्र PesticideRESELLER LICENCE***

श्री ..........................................................................................................लाई

विषादी गोदाम "विषादीको सुरक्षित भण्डारण" सम्बन्धी विषादी समितिको मापदण्ड अनुरुप पाइएकोले उल्लेखित शर्त अन्तर्गत खुद्रा विक्री तथा भण्डारण गर्न यो इजाजत-पत्र प्रदान गरिएको छ।

विषादीको सुरक्षित भण्डारण तथा प्रयोग सम्बन्धी प्रमाण-पत्र र परिचय-पत्र देहायका व्यक्ति (हरु) कम्पनीको तर्फबाट विषादी व्यवस्थापन र बिक्री वितरणमा संलग्न रहनेछन्।

नाम : प्रमाण पत्र नं. : नाम : प्रमाण पत्र नं. :

नाम : प्रमाण पत्र नं. : The Pesticide Premises of …………………… ………………… ………………………………………………………… at …………………………………… ………………………………………………………… Comply with the pesticide Board's requirements on **THE SAFE STORAGE OF PESTICIDES**and are licensed to sell and store pesticides with subject to the mentioned conditions.That the following person(S) with certificates in the **safe storage and Use of Pesticides** are associated with the management and sale of pesticides for the Company.

Name : Cert No. :
Name : Cert No. :
Name : Cert No. :

इजाजतपत्र न:.................License No. :…………

जारीमितिः...........................Date : ………………

म्याद सकिने मितिः...............................Date of Expiry:………………

The Pesticide Formulation Licence is herby issued to

...............

विषादी रजिष्टार

Registrar of Pesticide

शर्तहरुः

१. यो इजाजत-पत्र मिति ........................... सम्म वा विषादी समितिबाट अर्को व्यवस्था नभएसम्म बहाल रहने छ।

२. यो इजाजत-पत्रको स्विकृत भवन वा गोदाममा राख्नु पर्नेछ र जीवनाशक विषादी ऐन, २०४८, को दफा १३ बमोजिम नियुक्त विषादी निरीक्षक वा विषादी पञ्जिकरण कार्यालयद्धारा अधिकार प्रदत्त अन्य कुनै अधिकृतले खोजेमा उपलव्ध गराउनु पर्ने।

३. तालिम प्राप्त वा कुशल स्टाफको परिवर्तन हुँदा सो को खबर विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखालाई अविलम्ब उपलव्ध गराउनु पर्नेछ।

४. यो इजाजत-पत्रको मान्यता अवधि समाप्त भएको मितिले ३५ दिन भित्र इजाजत-पत्र लिंदा लाग्ने दस्तुर बमोजिमको नवीकरण दस्तु समित दरखास्त दिई नवीकरण गराउनु पर्नेछ। नवीकरण नगरिएका इजाजत-पत्र स्वतः बदर हुनेछ।

**Terms & Conditions**

1. This license is valid until ……………………….. or, unless otherwise revoked by the Pesticide Board.
2. License shell be kept in the approved premises & shall be shown for inspection at the request or Pesticide inspector appointed under Section-13 of the pesticide Act, 2048 or any other officer authorized by the pesticide Registration and Management Division.
3. Any change in the skilled staff named of the license be reported to the Pesticide Registration and Management Division.
4. The license shall be required to have renewed by submitting an application this purpose upon payment of the renewal fee required for obtaining the license, with in 35 days after the termination of validity period of license under sub-rule (1) above. If the license is not renewed it shall ipsofacto be invalid.

| नवीकरण मिति | म्याद सकिने मिति | नवीकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसूची-२

(दफा ७ को उपदफा (२) र दफ १४ को खण्ड (ग) सँग सम्बन्धीत)

नेपाल सरकार
Government of Nepal
कृषि विकास मन्त्रालय
Ministry of Agricultural Development
विषादी समिति

***Pesticide Board***
Constituted under Section 8(1) of the Pesticide Act-2076

*विषादी संश्लेषण गर्ने इजाजतपत्र Pesticide FORMULATION LICENCE*

श्री ......................................................................................................... लाई

(कम्पनीको नाम र ठेगाना)जीवनाशक विषादी ऐन, २०७६ बमोजिम देहायका शर्तहरु पालना गर्ने गरी विषादी सश्लेषण गर्ने इजाजत प्रदान गरिएको छ।

इजाजतपत्र नं..................

मिति ...........................

The Pesticide Formulation Licence is herby issued to .......................... ..............................
Subject to the conditions specified hereafter pursuant to Pesticide Act, 2076.

Licence No......................

Date...............................

___________

विषादी रजिष्टार

Registrar of Pesticide

शर्तहरुः

१. यो इजाजतपत्र जारी भएको मितिले ३ वर्षसम्म बहाल रहनेछ।

२. इजाजतपत्रको मान्यताको अवधि समाप्त हुनुभन्दा ३५ दिन अगावै नियमानुसार लाग्ने दस्तुर बमोजिमको नवीकरण दस्तुर सहित दरखास्त दिई नवीकरण गराउनु पर्नेछ। नवीकरण नगरिएमा इजाजतपत्र स्वतः बदर हुनेछ।

३. यो इजाजतपत्र जीवनाशक विषादी ऐन, २०७६, को दफा २४ बमोजिम नियुक्त विषादी निरीक्षक वा विषादी पञ्जिकरण कार्यालयद्धारा अधिकार प्रदत्त अन्य कुनै अधिकृतले खोजेमा उपलव्ध गराउनु पर्नेछ।

४. वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली बमोजिम आवश्यक शर्तहरु पूरा गर्नुपर्नेछ।

५. इजाजत प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तहरु पूरा गरेको नदेखिएमा वा जीवनाशक विषादी ऐन र जीवनाशक विषादी नियमावलीको विपरित कुनै काम गरेको पाइएमा विषादी समितिले यो इजाजतपत्र रद्द गर्न सक्नेछ।

**Terms & Conditions**

1. The validity period of this licence shall be three years from the data of issue.
2. The licence shall be required to have renewed by submitting an application upon payment of the renewal fee as required for obtaining the licence, within 35 days before termination of the validity period of licence. If the licence is not renewed it shall automatically be invalid.
3. The licence shall be shown for inspection at the request of Pesticide Inspector appointed under section 24 of the Pesticide Act, 2076 of any other officer authorized by the Pesticide Registration Office.
4. The licence is subject to the conditions specified in Environment Protection Act, 2076 ad the Environment Protection Rules.
5. The Pesticide Board many revoke the licence if the licence holder has not fulfilled the terms as well as the provisions of the Pesticide Act, 2076 and the Pesticide Rules.

## अनुसूची-३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धीत)

### १.१ <u>जैविक तथा वानस्पतिक विषादी उत्पादन कार्यक्रमको अनुदान प्राप्त गर्नका लागि दिईने आवेदन पत्रको ढाँचा</u>

श्रीमान् ............. ज्यू,

................................।

**विषयः जैविक तथा वानस्पतिक विषादी उत्पादन कार्यक्रम सम्बन्धमा।**

महोदय,

मेरो/हाम्रो ................उद्यमी/कृषक समूह/कृषि सहकारी संस्थाबाट .................. जिल्ला, ....................... म.न.पा./उपम.न.पा./न.पा./गा.पा.,.....वडा नं. अन्तर्गत.................. स्थानमा ....................................... कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोले सोका लागि अनुमानित लागत रकमको रु....................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु.....................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु/ गरेका छौ।

<u>तपसिलः</u>

१. उद्यमी/कृषक समूह/कृषि सहकारी संस्थाको दर्ता प्रमाण-पत्रको छाँयाप्रति (नियमानुसार नवीकरण समेत भएको हुनुपर्ने) र स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि
२. प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि
३. उद्यमी/कृषि सहकारी संस्थाको गत आ.व. सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि वा नियमानुसार कर चुक्ताको लागि म्याद थप भएकोमा सो को प्रतिलिपि
४. सम्बन्धीत म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थानमा भौतिक पूर्वाधारहरु (सडक, पानी, बिजुली आदि) उपलब्धता र स्थानीय तहको प्राथमिकता क्षेत्रमा रहेको व्यहोराको सिफारिस पत्र
५. सम्बन्धीत कृषि ज्ञान केन्द्रबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रुपमा उपयुक्त रहेको व्यहोराको सिफारिस पत्र
६. कृषक समूह/कृषि सहकारीको हकमा प्रस्ताव पेश गर्ने र जिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रति र जिम्मेवार व्यक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
७. जग्गाको जग्गा धनी प्रमाण पुर्जा वा लिजमा लिएको भए १० वर्षको सम्झौता पत्र र सम्बन्धीत जग्गा धनिको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि
८. प्रस्तावकको कम्तिमा १० वर्ष सम्म व्यवसाय सञ्चालन गर्ने अनुसूची-८ बमोजिम प्रतिवद्धता पत्र

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरु मूल्याङ्कनको लागि अगाडि बढाइने छैन।)*

निवेदकको नामः
दस्तखतः
ठेगानाः
सम्पर्क नः

## १.२ जैविक तथा वानस्पतिक विषादी उत्पादन कार्यक्रमको संक्षिप्त कार्य योजना

**खण्डः क**

**जैविक तथा वानस्पतिक विषादी उत्पादन तर्फको प्राविधिक प्रस्तावको ढाचाँ**

१. **प्रस्तावकको विवरणः** संस्था वा फर्मको विवरण, दर्ता प्रमाणपत्र, सम्बन्धीत क्षेत्रमा कार्यअनुभव, मानव संसाधन स्थिति, आर्थिक स्थिति, व्यवस्थापकीय क्षमता आदि।

२. **प्रस्तावना विवरणः** उत्पादन गर्ने जैविक तथा वानस्पतिक विषादीको विवरण, मातृस्रोत, उत्पादन प्रविधि, कच्चा पदार्थ तथा उत्पादन सामग्रीको उपलव्धताको स्थान तथा परिमाण, उत्पादित वस्तुको विक्रि वितरणको निश्चितता तथा यथेष्टता, प्रस्तावित स्थलको विवरण, प्रस्तावित स्थलसम्म सडक, विजुली, पानी आदिको स्थिति, आयोजनावाट हुनसक्ने प्रतिफल,रोजगारी सिर्जना,आदि।

३. **वातावरणीय अवस्थाः** वातावरणमैत्री, वातावरणीय असर कम गर्न अवलम्वन गरिने उपायहरु, कामदार र समुदायको सुरक्षाका उपायहरु, दिगोपना, समुदायमा पर्ने सकारात्मक तथा नकारात्मक असर आदि।

४. **सामाजिक समावेशीकरणः** महिला सहभागिता, वहिस्करणमा परेकाहरुको सहभागिता, समावेशीको लागि गरिने कार्यहरु आदि।

५. **आय व्यय व्यवस्थापनः** आम्दानीका अन्यस्रोत, पूजीगत तथा सञ्चालन खर्चको व्यवस्था गर्ने सोच, आम्दानीका स्रोतका पुष्टाईका आधारहरु,वार्षिक अनुमानित खर्च तथा अनुमानित आम्दानी, मुल्यनिर्धारण प्रक्रिया, विक्रीवितरण तथा बजारीकरणकोलागि गरिने योजना आदि।

६. **वार्षिक कार्यतालिकाः** प्रस्तावना अनुरुप कार्यक्रम सञ्चालन समय तालिका आदि।

नोटः यो प्रस्तावना फारमको नमूना मात्र हो। यस प्रस्तावना फारममा उल्लेख भएका वुदाहरुको विस्तृत रुपमा व्याख्या गर्नुका साथै आर्थिक प्रस्तावनामा प्रत्येक क्रियाकलापहरुको छुट्टा छुट्टै रुपमा रकम प्रस्ताव गरेको हुनु पर्छ।

**खण्ड – ख**

**प्रस्तावित व्यवसायिक योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा**

.................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार च्याउको ग्राम स्थापना कार्यक्रमको लागि अनुदानसहयोग कार्यक्रमको लागि चालु आ व र विगत २ आ व भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं।

उपयुक्त बमोजिमको विवरणहरू मैले जाने–बुझेसम्म सही छ।झुटो ठहरिएमा निवेदन स्वतःखारेज भई ऐन–कानूनबमोजिम सहुँला–बुझाउँला।

| | |
|---|---|
| साक्षीः | निवेदकः |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

**१.३ जैविक तथा वानस्पतिक विषादी उत्पादन कार्यक्रमको लागि स्थानीय तह (गा.पा./न.पा./ उप-न.पा /म.न.पा.) ले उपलब्ध गराउने**

श्री ..............................
................. प्रदेश नं. ५।

विषयः सिफारिस सम्वन्धमा।

तहाँ कार्यालयको मिति ...................मा ...........................पत्रिका प्रकाशन भएको सुचना अनुसार....................................जिल्ला..............................गा.पा./न.पा./उप-न.पा/म.न.पा ....... ...... .... वडा नं............. टोलमा स्थित .......................................................... टोलमा स्थित ............. उद्यमी/कृषक समूह/कृषि सहकारी संस्थाले ........................................................कार्यक्रम ....................................स्थानमा सञ्चालन गर्नको लागि तहाँ कार्यालयमा प्रस्ताव पेश गर्न लागेको हुँदा उक्त कार्यक्रम/कार्यक्रम यस गा.पा./न.पा./उप-न.पा/म.न.पा.को प्राथमिकता क्षेत्रमा परेको र कार्यक्रम गर्न सिचाई सुविधा/सडक/विद्युत तथा अन्य पूर्वाधार भएकोले सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ।

प्रमुख

.................

**१.४ जैविक तथा वानस्पतिक विषादी उत्पादन कार्यक्रमको कृषि ज्ञान केन्द्रले उपलब्ध गराउने सिफारिस पत्रको ढाँचा**

श्री ......................
............. प्रदेश नं ५।

विषयः सिफारिस सम्वन्धमा।

तहाँ कार्यालयको मिति ...................मा ...........................पत्रिका प्रकाशन भएको सुचना अनुसार....................................जिल्ला..............................गा.पा./न.पा./उप-न.पा/म.न.पा. .........................वडानं............. टोलमा स्थित .......................................................... उद्यमी/कृषक समूह/कृषि सहकारी संस्थाले ........................................................कार्यक्रम ....................................स्थानमा सञ्चालन गर्नको लागि तहाँ कार्यालयमा प्रस्ताव पेश गर्न लागेको हुँदा उक्त कार्यक्रम/कार्यक्रम प्राविधिक रुपमा उपयुक्त भएको/नभएको र अन्य व्यवस्थापकीय रुपले सक्षम रहेको/नरहेकोले सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ।

प्रमुख

.................

## अनुसूची –४

(दफा ६ को खण्ड (च) सँग सम्बन्धीत)

## जैविक तथा वानस्पतिक विषादी उत्पादन तर्फको मूल्याङ्कन फारम

| क्र.सं. | मूल्याङ्कनका आधार | जम्मा अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | **कम्पनी दर्ता र अनुमतिपत्र** | २० | | |
| | लिई सकेको | २० | | |
| | लिने प्रस्ताव | १५ | | |
| | नखुलेको | १० | | |
| २ | **कार्यक्रमबाट रोजगारी सिर्जना** | ५ | | |
| | ५ जना वा सो भन्दा बढी रोजगारी सिर्जना हुने भएमा | ५ | | |
| | ५ जना भन्दा कम रोजगारी सिर्जना हुने भएमा | ३ | | |
| ३ | **कच्चा पदार्थको आपूर्ति** | १० | | |
| | कृषि उपजहरुको आपूर्ति ७५% भन्दा बढी प्रदेश भित्रैबाट भएमा | १० | | |
| | कृषि उपजहरुको आपूर्ति ५०% -७५% प्रदेश भित्रबाट भएमा | ८ | | |
| | कृषि उपजहरुको आपूर्ति ५० भन्दा कम प्रदेशभित्र भएमा | ६ | | |
| ४ | **लगानी सुनिश्चितता** | १० | | |
| | नगद वा बैङ्क मौज्दात भए | १० | | |
| | बैङ्कको ऋण प्रतिवद्धता भए | ८ | | |
| | नखुलेको | ६ | | |
| ५ | **समावेशीता** | ५ | | |
| | महिला/ दलित स्वामित्व भए | ५ | | |
| | अन्य | ३ | | |
| ६ | **प्रस्तावित स्थलको भौगोलिक उपयुक्तता** | १० | | |
| | बाढी पहिरोको जोखिम नभएको वा स्वीकार्य | १० | | स्थलगत निरीक्षणवाट मूल्याङ्कन गरिने |
| | न्युन प्रभाव तर व्यवस्थापनको सुझाव | ७ | | |
| ७ | **सामाजिक स्वीकार्यता** | ५ | | स्थलगत निरीक्षणवाट मूल्याङ्कन गरिने |
| ८ | **प्रस्तावकको व्यवसाय सञ्चालनको अनुभव** | ५ | | |
| | ५ वर्ष वा सो भन्दा वढी भएमा | ५ | | |
| | ४ वर्ष देखी २ वर्ष भएमा | ४ | | |

| | | | | |
|---|---|---|---|---|
| | १ वर्ष भन्दा कम भएमा | ३ | | |
| | नभएको | २ | | |
| ९ | **प्रस्तावकको प्राविधिक दक्षता** | **५** | | |
| | जैविक तथा वानस्पतिक विषादी सम्बन्धी ६ दिने भन्दा बढीको तालिम लिएको भएमा | ५ | | |
| | जैविक तथा वानस्पतिक विषादी सम्बन्धी ३ देखि ५ दिनसम्मको तालिम लिएको भएमा | ४ | | |
| | जैविक तथा वानस्पतिक विषादी सम्बन्धी २ दिन भन्दा कमको तालिम लिएको भएमा | ३ | | |
| | जैविक तथा वानस्पतिक विषादी सम्बन्धी तालिम नलिएको भएमा | २ | | |
| १० | **कार्यक्रमको व्यवसायिक योजना** | **१५** | | |
| | प्राविधिक रुपले उपयुक्तता कच्चा पदार्थ, लाभ लागत , उत्पादन प्रविधि | ३-५ | | |
| | बजारीकरणको स्पष्ट रणनीति कार्ययोजना | ३-५ | | |
| | व्यवस्थापकीय रुपले उपयुक्त (सक्षमता, शिक्षा, अनुभव, आदि) | ३-५ | | |
| ११ | **वातावारणीय पक्ष** | **१०** | | |
| | सकारात्मक भए | १० | | |
| | तटस्थ भए | ८ | | |
| | नकरात्मक भए | ६ | | |
| | जम्मा | १०० | | |

नोटः

- कार्यक्रम मूल्याङ्कन समितिले आवश्यकता अनुसार प्रस्तुत मापदण्डको विस्तृतीकरण गर्न सक्नेछ।
- स्थलगत अनुगमनमा प्रस्तावकले पेश गरेको विवरण झुठ्ठा ठहरेमा प्रस्ताव स्वत रद्द हुनेछ।
- प्रस्तावकले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्दा कूल ५० प्रतिशत अंक नल्याउने प्रस्तावहरु अस्वीकृत हुने छन्।

## स्थलगत प्रमाणीकरण फारामको ढाँचा

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| प्रस्तावक उद्यमी/समूह/सहकारीको नामः | |
| ठेगानाः | |
| उद्यमी/समूह/सहकारीको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| उद्यमी/समूह/सहकारी दर्ता नं.र मितिः | |
| उद्यमी/समूह/सहकारी दर्ता भएको कार्यालयको नामः | |

| | |
|---|---|
| उद्यमी/समूह/सहकारीको सदस्य संख्या | महिला :......... पुरुष............<br>दलित ........ जनजाती ....... |

२. समूह/सहकारीको किसिम : .......................

३ समूह/सहकारी स्थापना भएको वर्ष : ..........................

४.प्रस्तावित कार्यक्रमको नाम :- ..............................................

५.योजना सञ्चालनको लागि जग्गाको विवरणः....................विघा /रोपनी तथा .........कठ्ठा क्षेत्रफल

६.जग्गा भाडामा लिएको भएः ................................वर्षको सम्झौता भएको

७.लाभान्वित कृषक संख्या : प्रत्यक्ष.............. अप्रत्यक्ष.............. जम्मा ..............

८. कार्यक्रम सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कूल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | गुरुयोजना नक्शा डिजाइन लागत अनुमान संलग्न राख्ने। |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | लागत अनुमान वा कोटेसन संलग्न राख्ने। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | | | | | | | |
| ३ | सञ्चालन खर्च (उत्पादन सामग्री) | | | | | | |
| ३.१ | | | | | | | |
| | | | | | | | |

९.उद्यमी/समूह/सहकारीले लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-........................

१०. आयोजनाले पार्ने सकरात्मक प्रभावः ..........................................................

११. आयोजनाले ओगट्ने स्थानको जनसङ्ख्या ........................ भुगोल ...........

१२. आवेदक उद्यमी/समूह/सहकारीको पुँजीको विवरणः

| कूल पुँजी | बैङ्क मौज्दात | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

१३. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम..........................

१४.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ...............................

१५. आयोजना सञ्चालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष .................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ ........................

१६. प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थानको वातावरणीय अवस्था

| क्र.स. | विवरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | वन जङ्गल/वन्यजन्तु/अन्य प्राकृतिक स्रोतहरु | | | |
| २ | जलाशय (नदी, तलाउ, पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वातावरणीय प्रभाव मूल्याङ्कन | | | |

१७. आयोजना सञ्चालनका जोखिमहरु के छन्? यदी भए समाधानका उपायहरु के के हुन सक्छन्?

-
-
-

१८. आयोजना सञ्चालन पछि कति जनाले थप रोजगारी पाउँछन्? स्थायी.........
अस्थायी ..............

१९. उद्यमी/समूह/सहकारीको सम्पत्ति

१९.१ नगद बैंक मौज्दात

१९.२ जिन्सी मालसामान

१९.३ भवन तथा अन्य पूर्वाधार भवन गोदाम तथा अन्य

२०. उद्यमी/समूह/सहकारीले नियमित रुपमा गर्ने क्रियाकलापहरु : ................. मासिक बैठक संख्या : .......................

२१. गत ३ वर्षमा भएको आम्दानीको विवरण :

२२. कार्यक्रम सञ्चालन स्थानबाट बजारसम्मको दुरी : ......... कि.मि.

२३. कच्चा पदार्थको आपूर्ती व्यवस्था र सो को व्यवस्थापन कसरी हुने ?

२४. प्रताव पेश गर्दा भरिएको विवरणहरुको सम्बन्धमा

(क) दुरुस्त पाईएको

(ख) सामान्य फरक देखिएको

(ग) फारममा पेश गरेको विवरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मूल्याङ्कन टोलीले के के विषयहरुमा कमि कमजोरी पाईएको हो सो कुरा खुलाउनु पर्नेछ र यस्तो प्रस्ताव मूल्याङ्कनमा समावेश हुने छैन।

२५. सिफारिस

उक्त कार्यक्रम प्रस्तावकोस्तरको बारेमा निश्कर्ष:

| सि.नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |

| | | |
|---|---|---|
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

*कार्यक्रमसँग सम्बन्धीत कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, कार्यक्रमसँग सम्बन्धीत फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ।

स्थलगत प्रमाणीकरण गर्नेको विवरण

नाम थरः नाम थरः

पदः पदः

दस्तखतः दस्तखतः

मितिः मितिः

**अनुसुची-५**

**(दफा ४ को उपदफा (३) सँग सम्बन्धीत)**

**१.१ <u>जैविक तथा वानस्पतिक विषादी उपयोग प्रवद्धन कार्यक्रमको अनुदान  प्राप्त गर्नका लागि दिईने आवेदन-पत्रको ढाँचा</u>**

श्रीमान् प्रमुखज्यू,

.........................।

**विषयः  जैविक तथा वानस्पतिक विषादी उपयोग प्रवद्धन कार्यक्रम सम्बन्धमा।**

महोदय,

मेरो/हाम्रो .................उद्यमी/कृषकसमूह/कृषि सहकारी संस्थाबाट .................. जिल्ला, .........................म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.,.....वडा नं अन्तर्गत..................स्थानमा ........................................कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोले सोका लागि अनुमानित लागत रकमको रु.....................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु......................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु/ गरेका छौ।

तपसिलः

१. उद्यमी/कृषक समूह/कृषि सहकारी संस्थाको दर्ता प्रमाण-पत्रको छाँयाप्रति (नियमानुसार नवीकरण समेत भएको हुनुपर्ने) र स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि
२. प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि
३. उद्यमी/कृषि सहकारी संस्थाको गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा नियमानुसार कर चुक्ताको लागि म्यादथप भएकोमा सो को प्रतिलिपि
४. सम्बन्धीत म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थानमा भौतिक पूर्वाधारहरु (सडक, पानी, बिजुली आदि) उपलब्धता रस्थानीय तहको प्राथमिकता क्षेत्रमा रहेको व्यहोराको सिफारिस पत्र
५. सम्बन्धीत कृषि ज्ञान केन्द्रबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रुपमा उपयुक्त रहेको व्यहोराकोसिफारिस पत्र

६. कृषकसमूह/कृषि सहकारीको हकमा प्रस्तावपेश गर्ने रजिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रति र जिम्मेवार व्यक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

७. जग्गाको जग्गा धनी प्रमाण पुर्जा वा लिजमा लिएको भए १० वर्षको सम्झौता पत्र र सम्बन्धीत जग्गा धनिको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरु मूल्याङ्कनको लागि अगाडि बढाइने छैन।)*

निवेदकको नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

**१.२ जैविक तथा वानस्पतिक विषादी उपयोग प्रवद्धन कार्यक्रमको परियोजना (उपयोगतर्फ) को प्राविधिक प्रस्तावको ढाचाँ (संक्षिप्त कार्य योजना)**

१. व्यावसायिक कृषक /कृषक समूह /कृषि सहकारी /निजी उद्यमीको नाम ................................
ठेगाना...................................................समूह/संस्था दर्ता मितिः ..........................

२. दर्ता भएको कार्यालयः ............................

३. सदस्य संख्याः............................................. महिला...................पुरुष.......................
दलित....................जनजाति................

४. रोजगारी सिर्जनाको व्यवस्था...................................प्रत्यक्ष.....................
अप्रत्यक्ष................

५. कारोबार शुरू मितिः .....................................................

६. कारोबारको विवरणः पछिल्लो २ आ.व.को

| कृषि उपजहरुको नाम | प्रथम आ व | | द्वितीय आ व | | कैफियत |
|---|---|---|---|---|---|
| | बिक्री परिमाण | रकम | बिक्री परिमाण | रकम | |
| | | | | | |
| | | | | | |

७. उत्पादित कृषि उपजको बिक्री गरिरहेको स्थान

८. .प्रस्तावकको चल/अचल पुँजीको विवरण (घर, जग्गा, मेशीन, औजार उपकरण भवन आदि जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि सहित)

---

९. प्रस्तावित परियोजना स्थलको जग्गा सम्बन्धी बिवरणः जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि सहित

परियोजना स्थलको जग्गा ठेगानाः क्षेत्रफलः कित्ता न. :

१०. विषादी सम्बन्धी तालिम लिएको वा नलिएको (लिएको भए कति दिनको उल्लेख गर्ने प्रमाणपत्रको प्रतिलिपि सहित)

............................................................................................................................

............................................................................................................................

११ जैविक तथा वानस्पतिक विषादीहरूको माग विवरणः

| सि.न. | विषादीको प्रकार | | | परिमाण | अनुदान मागेको रकम | अनुदानग्राहीले व्यहोर्ने रकम | जम्मा | खरिद गर्ने स्रोत तथा आधारहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | किटनाशक | ढुशीनाशक | झारपात नाशक | | | | | | |
| | | | | | | | | | |

## १.३ प्रस्तावित व्यावसायिक योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्व-घोषणा पत्रको ढाँचा

...................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार च्याउको ग्राम स्थापना कार्यक्रमको लागि अनुदान सहयोग कार्यक्रमको लागि चालु आ.व. र विगत २ आ.व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/गर्दछौं।

उपयुक्त बमोजिमको विवरणहरू मैले जाने–बुझेसम्म सही छ। झुटो ठहरिएमा निवेदन स्वतःखारेज भई कानून बमोजिम सहुँला/बुझाउँला।

| | |
|---|---|
| साक्षीः | निवेदकः |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

## १.४ जैविक तथा वानस्पतिक विषादी उपयोग प्रवद्धन कार्यक्रमको स्थानीय तह (गा.पा./न.पा./ उप-न.पा /म.न.पा.) ले उपलब्ध गराउने सिफारस पत्रको नमूना

श्री ......................,

........... प्रदेश नं. ५ ।

विषयः सिफारिस सम्वन्धमा।

तहाँ कार्यालयको मिति ..................... को ......................... पत्रिकामा प्रकाशन भएको सूचना अनुसार .......................... जिल्ला .................................. उप न.पा./न.पा./ गा.पा................. वडा नं. को .................................. उद्यमी/कृषक समूह/कृषि सहकारी संस्थाले ................ कार्यक्रम ........................ स्थानमा सञ्चालन गर्नको लागि श गर्न लागेको हुँदातहाँ कार्यालयमा प्रस्ताव पे कार्यक्रम/उक्त कार्यक्रमगा-उप/.पा.न/.पा. .पा.न.म/पा.नको प्राथमिकता क्षेत्रमा परेको र कार्यक्रम गर्न सिंचाई सुविधा विद्युत तथा अन्य/सडक/ पूर्वाधारको लागि सिफारिस साथ अनुरोध गरिन्छ।

प्रमुख

.................

## १.५ जैविक तथा वानस्पतिक विषादी उपयोग प्रवद्धन कार्यक्रमको कृषि ज्ञान केन्द्रले उपलब्ध गराउने सिफारिस पत्रको ढाँचा

श्री ............................

................, प्रदेश नं ५ ।

विषयः सिफारिस सम्वन्धमा।

तहाँ कार्यालयको मिति ................. मा ............. पत्रिकामा प्रकाशन भएको सूचना अनुसार ............ जिल्ला .......... उप.म.न.पा./न.पा./गा.पा. ........... वडा नं. को उद्यमी/कृषक समूह/कृषि सहकारी संस्थाले .......... स्थानमा ............. कार्यक्रम सञ्चालन गर्नको लागि प्रस्ताव पेश गर्न लागेको हुँदा कार्यक्रम प्राविधिक रुपले उपयुक्त भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ।

प्रमुख

.................

## अनुसूची-६

(दफा ६ को खण्ड (च) सँग सम्बन्धीत)

### जैविक तथा वानस्पतिक विषादी उपयोग तर्फको प्राविधिक प्रस्तावको ढाचाँको मूल्याङ्कन फारम

| क्र.सं | मूल्याङ्कनका आधार | जम्मा अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | **निजी फर्म/कृषक समूह/सहकारीको व्यवसाय शुरु गरेको मिति** | १० | | |
| | ३ वर्ष भन्दा पूरानो | १० | | |
| | १-३ वर्ष पूरानो | ९ | | |
| | १ वर्ष भन्दा कम | ८ | | |
| २ | **कृषि उपजको हालको क्षेत्रफल (भाडामा लिईएका जग्गाहरुको सम्झौता पत्र र लाल पुर्जा भए मान्य हुने)** | १० | | |
| | तराईको हकमा १ विघा, पहाडको हकमा ५ रोपनी भन्दा बढी | १० | | |
| | सो भन्दा कम क्षेत्रफल | ५ | | |
| ३ | समूह गतिशीलता वा अन्य व्यवस्थापकीय क्षमता, सक्रियता/ आम्दानी खर्च रेकर्ड | १० | | स्थलगत निरीक्षणवाट मूल्याङ्कन गरिने |
| ४ | **प्राविधिक ज्ञान, अनुभव र क्षमता** | १० | | |
| | विषादी सम्बन्धी तालिम नलिएको तर अनुभवी | ५ | | |
| | विषादी सम्बन्धी ७ दिन वा सो भन्दा बढी तालिम लिएको | १० | | |
| | विषादी सम्बन्धी ६ कार्य दिन वा कम तालिम लिएको | ७ | | |
| ५ | **आयोजना लगानीमा साझेदारी (कार्यक्रमको कूल लगानीको न्युनतम ५०% आवेदकले व्योहोर्ने व्योहोर्ने)** | १० | | |
| | आयोजना लगानीमा साझेदारी ७० वा सोभन्दा धेरै आवेदकले व्योहोर्ने | १० | | |
| | आयोजना लगानीमा साझेदारी ६०- ६९ आवेदकले व्योहोर्ने | ८ | | |
| | आयोजना लगानीमा साझेदारी ५०-५९ आवेदकले व्योहोर्ने | ६ | | |
| ६ | **रोजगारी सिर्जनाको अवस्था** | १० | | |
| | ३ जना भन्दा बढी | १० | | |

| | | | | |
|---|---|---|---|---|
| | २ जना सम्म | ५ | | |
| ७ | **अनुदान माग गरेका क्रियाकलापको स्रोतको विवरण** | १० | | |
| | आवश्यक स्रोत केन्द्रको उपलब्धता खुलाएको | १० | | |
| | आवश्यक स्रोत केन्द्रको आंशिक रुपमा उपलब्धता खुलाएको | ८ | | |
| | आवश्यक स्रोत केन्द्रको उपलब्धता नखुलाएको | ६ | | |
| ८ | **व्यवसायसँग सम्बन्धीत भौतिक संरचना (सडक, विजुली, पानी) को व्यवस्था भएको** | १० | | स्थलगत निरीक्षणवाट मूल्याङ्कन गरिने |
| | आयोजना स्थल सम्म मोटर बाटो पुगेको, विजुली, पानी | १० | | |
| | माथी उल्लेखित कुनै एक संरचना नभएको तर हुने सम्भावना भएको | ८ | | |
| | नखुलेको | ६ | | |
| ९ | **लगानीको सुनिश्चितता** | १० | | |
| | नगद/बैङ्क मौज्दात | १० | | |
| | वित्तीय संस्थावाट लगानी प्रतिवद्दता | ९ | | |
| | नखुलेको | ८ | | |
| १० | **प्राङ्गारिक खेती गरीरहेको** | १० | | |
| | २ वर्ष वा सो भन्दा बढी | १० | | |
| | १ वर्ष देखि प्राङ्गारिक खेती शुरु गरेको | ८ | | |
| | प्राङ्गारिक खेतीको योजना बनाएको | ६ | | |
| | प्राङ्गारिक खेतीको योजना नखुलेको | ४ | | |
| | **कूल जम्मा** | १०० | | |

नोटः

- कार्यक्रम मूल्याङ्कन समितिले आवश्यकता अनुसार प्रस्तुत मापदण्डको विस्तृतीकरण गर्न सक्नेछ।
- स्थलगत अनुगमनमा प्रस्तावकले पेश गरेको विवरण झुठ्ठा ठहरेमा प्रस्ताव स्वत रद्द हुनेछ।
- प्रस्तावकले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्दा कूल ५० प्रतिशत अंक नल्याउने प्रस्तावहरु अस्वीकृत हुने छन्।

**अनुसूची-७**

(दफा १४ को खण्ड (ग) र दफा १५ को खण्ड (ख) सँग सम्बन्धीत)

**प्रतिवद्धता-पत्रको ढाँचा**

....................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार .................. ................कार्यक्रमको लागि अनुदान सञ्चालन प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरि घटिमा ................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौ। कार्ययोजना अनुसारको कार्य नगरेमा वा ............वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा कृषि विकास निर्देशनालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं। इति सम्वत् २०७..........गते .............रोज ..... शुभम्।

नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छापः

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची-८

(दफा ७ को उपदफा (४) सँग सम्बन्धीत)

**<u>सम्झौता–पत्रको ढाँचा</u>**

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ को कृषि विकास निर्देशनालय .......... ..................... (यस पछि पहिलो पक्ष भनिने) मार्फत सञ्चालन गर्न आ.व. ....... को... .............. कार्यक्रम, ............... ........ कृषक/फार्म/सहकारीका .............. (पद) श्री/सुश्री/श्रीमती ......................... (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति .................................. मा तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौं/लियौं।

१. दोस्रो पक्षले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य शुरु गर्नु पर्नेछ।
२. यस आर्थिक वर्ष .......मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसारको कूल लागत रु.............(अक्षरुपी.................) मध्ये दोस्रो पक्षले रु.............(अक्षरुपी.........) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु.................. (अक्षरुपी..............) उपलब्ध गराउनेछ।
३. प्रथम पक्षले कार्य प्रगतिको आधारमा ..............प्रतिशत कार्यसम्पन्न पश्चात ............प्रतिशत र बाँकी .............प्रतिशत रकम सम्पूर्ण कार्य सम्पन्न भई सकेपछी भुक्तानी गरिनेछ।
४. स्वीकृत कार्ययोजना बमोजिमका कार्यसम्पन्न पश्चात सञ्चालन तथा मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
५. कार्यक्रम ..... बर्षसम्म नियमित रुपमा सञ्चालन गर्नु पर्नेछ। साथै सम्झौता मुताविकको स्थल स्थानान्तरण गर्नुपर्ने अवस्थामा प्रथम पक्षको लिखित स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ।
६. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी कार्यविधिमा तोकिए बमोजिमका निवेदन, सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक मार्फत रकम भुक्तानी दिइनेछ।
७. दोस्रो पक्षले सञ्चालित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकम प्रचतलित कानून बमोजिम फिर्ता गर्न सक्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरिएको स्थलमा सबैले देख्ने स्थानमा कार्यक्रम मुख्य विवरण सहितको होर्डिङ्ग वोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. दोस्रो पक्षले सम्झौता अनुसारको योजनाको लागि आफनै स्रोत वाहेक अन्य निकायबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

११. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन/तालिम भ्रमण कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१२. कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्धिविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगाना | पदः |
| छापः | कार्यालयको छापः |
| **साक्षी** | **साक्षी** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत .......साल ....... महिना ....गते रोज .... शुभम्

नोट : द्वीपक्षीय सम्झौता हुँदाका बखता उल्लिखित बुँदाहरुमा थपघट गर्न सकिनेछ।